# जैमिनी नगरपालिकाको विनियोजन विधेयक, २०८१

जैमिनी नगरपालिका

# जैमिनी नगरपालिका विनियोजन विधेयक २०८१

**जैमिनी नगरपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

**प्रस्तावना**: जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागी स्थानीय संचितकोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनिय भएकाले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम जैमिनी नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम " जैमिनी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१।८२ को निमित्त संचितकोषबाट रकम खर्च गर्ने अधिकार (१)** आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु, खर्च, पूजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७१८७२१९९९ (**एकहत्तर करोड सत्तासी लाख एक्काइस हजार नौ सय उन्नानसय मात्र**) नबढाई निर्दिष्ट गरिए बमोजिम संचितकोष बाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन (१)** यस ऐन द्वारा संचितकोष बाट रकम खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त जैमिनी नगरपालिकाको/नगरकार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिनेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावा

भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी तथा पुँजीगत खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन् ।

तर चालू तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूचि १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट बिनियोजित हुने रकम

आय अनुमान

| क्र.स. | शिर्षक | बजेट रकम रू | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार समपुरक अनुदान | १०००००००० | |
| २ | प्रदेश सरकार समपुरक अनुदान | १०००००००० | |
| ३ | संघीय सरकार राजस्व बाँडफाड | १०५६९९९९९ | |
| ४ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १०८९००००० | |
| ५ | संघीय सरकार शसर्त अनुदान | ४०९९६५००० | |
| ६ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | १४५४६००० | |
| ७ | प्रदेश सरकार राजस्व बाँडफाड | ८२११००० | |
| ८ | गत आ.व. को मौज्दात | ३३८०००००० | |
| ९ | आन्तरिक श्रोत राजस्व विभिन्न | १२६०००००० | |
| १० | सडक वोर्ड नेपाल | ५००००००० | |
| | जम्मा | ७१८७२१९९९ | |

व्यय अनुमान

| क्र.स. | शिर्षक | बजेट रकम रू | कैफियत |
|---|---|---|---|
| १ | संघीय तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न विषयगत क्षेत्रहरुको सशर्त अनुदान | ४०९९६५००० | |
| २ | संघीय सरकार समपुरक अनुदान | १०००००००० | |
| ३ | प्रदेश सरकार समपुरक अनुदान | १०००००००० | |
| ४ | सडक वोर्ड नेपाल | ५००००००० | |
| ५ | नगर समपुरक कोष | २३००००००० | |
| ६ | सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको साझेदारी (नेवा, सडक वोर्ड, VSO, SAMI, कृषि एम्बुलेन्स झोपु लगायत) | ९०००००० | |

| | | | |
|---|---|---|---|
| ७ | आर्थिक विकास | १९६३९२७०.५६ | |
| ८ | सामाजिक विकास | ३७४७७९२८.८४ | |
| ९ | पूर्वाधार विकास | ६५१०३३६६.९२ | |
| १० | वन वातावरण तथा विपद व्यवस्थापन | ५४५०००० | |
| ११ | सुशासन तथा संस्थागत विकास | ७७८६४३२.६८ | |
| १२ | न्यायीक समिति | १३००००० | |
| १३ | नगरपालिकाको चालु तर्फ विभिन्न शिर्षकमा खर्च हुने रकम | ११५०००००० | |
| | जम्मा | ७१८७२१९९९ | |